प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. १

विराटनगर

# सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७७/०८/०९

सूचना नं.सि.द.भा.१ २०७७।७८

यस मन्त्रालयवाट मन्त्रालयको लागि आवश्यक कार्यालय सामग्री खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त ईच्छुक फर्म, सप्लायर्सहरूबाट निम्न सर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र दरभाउ पत्र फारम रू १०००।- (अक्षरूपी एक हजार मात्र) पछि कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र आ.व. २०७६।७७ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरू नोटरी पब्लिकबाट प्रमाणित गराई यस मन्त्रालयलाई सम्वोधन गरी कामको विवरण, नाम, ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्तिद्वारा फिर्ता नहुने गरी राष्ट्रिय वाणिज्य बैंक, विराटनगरस्थित प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राजश्व खाता नं. १०००१००२०१०१०००१ जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी यस मन्त्रालयबाट खरिद गर्न सकिने छ।

२. सिलबन्दी दरभाउ पत्र साथ सूचनामा उल्लेखित जमानत वापतको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय विराटनगरको राष्ट्रिय बाणिज्य बैंक विराटनगरमा रहेको एकल धरौटी खाता नं. २१२०१००२०२०३०००० र रकम जम्मा गर्न पठाउने कार्यालय कोड नं. ३१४००१३०११ (आन्तरिक मामिला तथा कानून मन्त्रालय उल्लेख गरी) मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकबाट यस मन्त्रालयको नाममा जारी भएको दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको जमानत पत्र (विडवण्ड) पेश गर्नु पर्नेछ। सिलबन्दी दरभाउ पत्रको अवधि ४५ दिनको हुनेछ।

३. सिलवन्दी दरभाउ पत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनसम्म दिनको १२ बजेभित्र सिलबन्दी खाममा दरभाउ पत्र पेश गर्दा कम्पनी वा संस्थाले आ.व. २०७५।०७६ सम्मको लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र आ.व. २०७५।७६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरू नोटरी पब्लिकबाट प्रमाणित गराई यस मन्त्रालयलाई सम्बोधन गरी कामको विवरण, नाम, ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्तिद्वारा शिलबन्दी दरभाउपत्र यस मन्त्रालयमा दर्ता गराउन सकिने छ।

४. दरभाउ पत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरबीचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। दररेट उल्लेख गर्दा केरमेट गरेको वा टिपेक्स लगाएको स्थानमा सहीछाप नभएको, कार्यालयबाट विक्रि भएको फाराम भरी नआएको दरभाउ पत्र फारम उपर कुनै कारवाही हुने छैन।

५. दरभाउपत्र दाखिला गर्दा फर्म, कम्पनी वा सप्लायर्सले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नबाझिएको तथा सम्वन्धित पेशामा व्यवसायको कसुरमा आफूले सजाय नपाएको भनि लिखित रूपमा गरेको घोषणा दरभाउ पत्र सम्वन्धी कागजात साथ पेश गर्नु पर्नेछ। घोषणा पत्र संलग्न नभएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।

६. दर्ता भएका फारमहरू १६ औं दिनको २ बजे दरभाउ पत्र दाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस मन्त्रालयमा खोलिने छ। दरभाउ पत्र दाता वा निजहरूका प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय खुलेको दिन उक्त कार्य गरिने छ।

७. यस सम्वन्धी स्पेसिफिकेसन तथा सो सँग सम्वन्धित सामाग्री दरभाउ पत्र फारम साथ संलग्न रहेको छ आपुर्तीकर्ताले स्पेसिफिकेसन अनुसारको सामान उपलव्ध नगराएमा सामान स्वीकार गर्न कार्यालय वाध्य हुने छैन।

८. दरभाउ पत्र फारममा उल्लेखित सम्पूर्ण आइटमहरूको दररेट अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ, आंशिक रूपमा भर्न पाईने छैन। एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को, व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

९. आपुर्ती गरिने सामान दरभाउ पत्रमा उल्लेख भए अनुसारको स्पेसिफिकेसन बमोजिमको हुनु पर्नेछ। मन्त्रालयसम्म सामान आपुर्ती गर्न लाग्ने ढुवानी, जडान तथा अन्य करहरू दरभाउ पत्र दाता स्वयंले व्यहोर्नु पर्नेछ।

१०. दरभाउ पत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ। प्रचलित नियमानुसार रित नपुगेको, म्याद नाघि आएको र शर्त राखिएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।

११. यस सूचनामा उल्लेख नभएका कुराहरू मन्त्रालयबाट उपलव्ध गराइएको दरभाउ पत्र कागजात अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | परिणाम | लागत अनुमान (मु.अ.क.समेत) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सि.द.भा.१ २०७७।७८ | कार्यालय सामान आपुर्ति | दरभाउपत्रमा उल्लेख भए अनुसार | १८,१०,८१०।७९ | ४६,०००।- | |

र : विराटनगर-७, मेनरोड, फोन नं. : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ इमेल : udghosh@gmail.com,
म्पादक : संजीव खनाल, व्यवस्थापक : पूर्ण भुजेल, प्रबन्ध निर्देशक : बन्धु पोखरेल, सम्पादक : मोहन भण्डारी